कटारी नगरपालिका
Katari Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of Katari Municipal Executive
कटारी, उदयपुर
Katari Udayapur
(रोजगार सेवा केन्द्र)

१ नं. प्रदेश नेपाल
Province No. 1, Nepal
EST. 2071

पत्र संख्या (Ref.No) :– ०७७/०७८
चलानी नं. (Dispatch No.) :- ९६५०

मिति (Date) :- २०७७/११/०६

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संसोधन, २०७७ सहित) बमोजिम आगामी आर्थिक वर्ष २०७८/७९ मा यस नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक अति विपन्न तथा जीवनयापन जोखिममा परेका बेरोजगार व्यक्तिले **२०७७ फाल्गुण मसान्त सम्म** आफू स्थायी बसोबास गरेको यस नगरपालिका भित्रका सम्बन्धीत वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूचि १ बमोजिम हुनुपर्ने छ । निवेदनको संशोधित फारामको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड:**

- बेरोजगार नेपाली नागरिक १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको हुनुपर्नेछ ।
- निवेदन साथ नागरिकताको प्रतिलिपि र फोटो १/१ प्रति ।
- बेरोजगार व्यक्ति सोही वडाको स्थायी बासिन्दा हुनुपर्नेछ ।
- अन्यत्रबाट बसाईसराई गरेको हकमा बसाइसराई तथा विवाह गरेर आएको भएमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
- अनुसूचि १ बमोजिमको बेरोजगार फाराम वडा कार्यालयहरूमा उपलब्ध हुनेछ ।
- चालु आ.व. २०७७/७८ मा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूले पनि अगामी वर्षका लागि काम गर्न चाहेमा पुनः बेरोजगार फाराम भर्नुपर्नेछ ।
- निवेदन फाराममा माग भएका विवरणहरू यथार्थ रूपमा उल्लेख गरी निवेदकहरूले फारामको अन्त्यमा सहिछाप गरी सम्बन्धीत वडा अध्यक्ष वा तोकिएको कार्यवाहक वडा प्रतिनिधिलाई प्रमाणित गराउनुपर्नेछ । प्रमाणित नभएका फाराम मान्य हुने छैन ।
- निवेदनमा माग भएका सम्पूर्ण विवरणहरू अनिवार्य रूपमा भर्नुपर्नेछ, अन्यथा बेरोजगार सूचिमा सूचिकृत गरिने छैन ।

अमर प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत